रोहिणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ७ संख्याः४

भाग - २

## रोहिणी गाउँपालिका

## विद्युतीय तथा अटो रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८०

रोहिणी गाउँपालिकामा सञ्चालन हुने विद्युतीय रिक्सा तथा पेट्रोलियम पदार्थबाट चल्ने तिन पाङ्ग्रे अटो रिक्सा (टेम्पु) हरुलाई व्यवस्थापन गरी गाँउको आवश्यकता, ट्राफिक व्यवस्थापनमा सहजता बजार व्यवस्थापन गर्न तथा सवारी यात्रु सवारी चालक, सवारी धनीहरुको हित प्रवर्द्धन गर्दै स्थानीय यातायात सुरक्षा र नियमन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (ट) को खण्ड ४ को अधिकार कार्यान्वयन गर्न र सोही ऐनको दफा ११ को उपदफा ४ (ट) बमोजिम अधिकार प्रदेश कानून बनी अन्यथा व्यवस्था भएमा सोही बमोजिम हुने गरी हाल उल्लेखित व्यवस्था कार्यान्वयन गरी गाँउ क्षेत्रमा चल्ने विद्युतीय तथा अटो रिक्साको दर्ता अनुमति गाँउ क्षेत्रलाई आवश्यक संख्याको निर्धारण, रुट निर्धारण, भाडा दर निर्धारण तथा नियमन जस्ता कार्यलाई व्यवस्थित गर्दै यातायात सुरक्षालाई भरपर्दो र विश्वसनीय बनाउन आवश्यक देखिएको हुँदा रोहिणी गाँउपालिका, गाँउकार्यपालिकाले देहाय बमोजिमको कार्यविधि गाँउकार्यपालिकाले मितिः२०८०/०३/०३ गते स्वीकृत गरी लागु गरेको छ

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम "रोहिणी गाउँपालिका विद्युतीय तथा अटो रिक्सा सञ्चालन व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि २०७६" हुनेछ ।

(२) प्रारम्भ : यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएका मिति देखि लागु हुनेछ

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "कार्यविधि" भन्नाले रोहिणी गाउँपालिका विद्युतीय रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७७ भन्ने बुझिनेछ ।

(ख) "विद्युतीय रिक्सा" भन्नाले पेट्रोलियम पदार्थ बिना विद्युत, सौर्य उर्जा वा नविकरणीय उर्जाबाट चार्ज हुने रिक्सा भन्ने बुझिनेछ जसलाई छोटकरीमा ई-रिक्सा भनिनेछ ।

(ग) "अटो रिक्सा" भन्नाले इन्जिन जडित पेट्रोलियम पदार्थबाट चल्ने तिन पाङ्ग्रे टेम्पु वा अटो रिक्सा समेत लाई जनाउने छ ।

(घ) "संचालन अनुमति" भन्नाले रोहिणी गाँउपालिकाले रुट निर्धारण गरी गाँउ क्षेत्र भित्र सञ्चालन गर्न अनुमति दिई सम्बन्धित यातायात व्यवस्था कार्यालयमा सिफारिस गरी दर्ता भएका र दर्ताका लागि सिफारिस भएका विद्युतीय रिक्साको संचालन अनुमतिलाई बुझाउने छ ।

(ङ) "रुट" भन्नाले विद्युतीय रिक्सा सञ्चालनका लागि गाँउ क्षेत्र भित्र राजमार्ग सडक बाहेक निश्चित क्षेत्र तोकीएको रुट इजाजत पत्रमा उल्लेखित रुट भन्ने बुझाउने छ।

(च) "क्रसिङ बिन्दु" भन्नाले रोहिणी गाउँपालिका सञ्चालन हुने गरी दर्ता तथा रुट इजाजत प्राप्त गरेका विद्युतीय रिक्साहरुले राजमार्ग सडक वारपार गर्ने प्रयोजनका लागि ट्राफिक प्रहरी कार्यालयले निर्धारण गरी दिएका निश्चित संख्याका राजमार्ग सडक वारपार गर्ने स्थान भन्ने बुझिनेछ ।

(छ) राहत कोष" भन्नाले यसै कार्यविधिको दफा १७ बमोजिमको राहत कोषलाई बुझिने छ ।

(ज) "समिति" भन्नाले यसै कार्यविधिको दफा १३ बमोजिमको गठित व्यवस्थापन समितिलाई बुझिनेछ।

(झ) "स्वरोजगार" भन्नाले आफ्नो वा एकाघर परिवारको नाउँमा बिलबुक भई सवारी चालक अनुमति प्राप्त गरी आफैंले सवारी चलाएको व्यक्ति भन्ने बुझिनेछ ।

(ञ) "गाँउ कार्यपालिका" भन्नाले रोहिणी गाँउपालिकाको गाँउ कार्यपालिकालाई बुझाउने छ ।

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

(ट) "गाँउ कार्यपालिका कार्यालय" भन्नाले रोहिणी गाँउपालिकाको गाँउ कार्यपालिका कार्यालयलाई बुझाउने छ ।

(ठ) "गाँउ क्षेत्र" भन्नाले रोहिणी गाँउपालिकाको सीमाना भन्ने बुझाउने छ ।

(ड) "प्रमुख" भन्नाले रोहिणी गाँउपालिकाको प्रमुख भन्ने बुझाउने छ ।

(ढ) "उप-प्रमुख" भन्नाले रोहिणी गाँउपालिकाको उप-प्रमुख भन्ने बुझाउने छ ।

(ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रोहिणी गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

## परिच्छेद २

## दर्ता सम्बन्धी

**३. संचालन अनुमति लिनु पर्ने :**

(१) रोहिणी गाँउपालिका क्षेत्र भित्र सञ्चालन गरिने विद्युतीय रिक्सा, म्यानुअल रिक्सा वा अन्य जुनसुकै किसिमका टेम्पु जस्त साना सार्वजनिक सवारी साधनले प्रचलित कानून बमोजिम दर्ता गर्नु पर्ने निकायबाट दर्ता गरी रोहिणी गाँउपालिकाबाट संचालन अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संचालन अनुमति नलिई गाँउ क्षेत्र भित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

**४. अन्यत्र दर्ता भएका सवारी सञ्चालनमा रोक लगाइने :** रोहिणी गाँउपालिकाको राजमार्ग सडक बाहेक अन्य सडकमा सञ्चालनका लागि दर्ता भई रुट अनुमति पत्र बाहक बाहे अन्य रिक्सा, टेम्पु जन्य सवारी साधन सञ्चालनमा पूर्णत बन्देज गरिनेछ । तर छिमेकी पालिकामा रुट इजाजत प्राप्त सब साधनले बिरामी उपचारका लागि लिएर आएको अवस्था बाहेक सिमा क्षेत्रबाट १ कि.मि. भन्दा बढी क्षेत्रमा सवारी ल्याउ पाइने छैन र फर्किदा बिरामी बाहेकका यात्रु लिएर फर्किन पाइने छैन ।

**५. दर्ता गर्नु पर्ने :**

(१) गाँउ क्षेत्रमा सञ्चालन हुने गरी यसै कार्यविधिमा उल्लेखित संख्यामा नबढ्ने गरी दर्ताका लागि प्राप्त हुने निवेदन छानबिन गरी निवेदन प्राप्त भएको मितिले १५ दिन भित्र ई-रिक्सा दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता हुने विद्युतीय रिक्साको लगत अभिलेख खडा गरी पहिचान खुल्ने सवारी साधन नं. उपलब्ध गराउन सक्नेछ ।

(३) दर्ता भएका विद्युतीय रिक्साको वार्षिक नवीकरण गर्नु पर्ने छ ।

(४) दर्ता तथा नवीकरण शुल्क गाँउ सभाले निर्धारण गरे बमोजिम हुनेछ ।



विद्या प्रसाद यादव

(५) रुट इजाजत पत्र शुल्क कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) गाँउ सभाबाट तोकिए बमोजिम वार्षिक सवारी कर बुझाउनु पर्नेछ ।

(७) दर्ता प्रमाण पत्र र दर्ता अभिलेख पुस्तिका कार्यालयले स्विकृत गरी लागू गर्न सक्नेछ ।

<u>६. सूचना गर्नु पर्ने</u> : (१) यस कार्यविधि बमोजिम संचालन अनुमतिका लागि गाँउ कार्यपालिकाले कम्तीमा २१ दिने सार्वजनिक सूचना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित गरी प्राप्त हुने निवेदनको छानबिन र दर्ता गर्दा देहाय बमोजिम क्र प्राथमिकताको आधारमा दर्ता गर्नु पर्नेछ ।

(क) गाँउ कार्यपालिका कार्यालयद्वारा जारी सूचनाको पहिलो एक हप्ता भित्र विवरण पेश भएका विद्युतीय रिक्साहरु ।

(ख) सूचना बमोजिम उल्लेखित पहिलो प्राथमिकताको क्रममा सवारीहरुको दर्ताका लागि सम्पर्क गर्न नजाएमा वा रीत नपुगेका कारण दर्ता नभएमा निर्धारित संख्यामा जति अपुग हुन्छ बाँकी अपुग संख्यामा दर्ताका लागि पुनः २१ दिनको सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ त्यसरी सूचना प्रकाशित गर्दा यस कार्यविधिमा तोकिएका अन्य कुराका अलावा देहाय बमोजिमको प्राथमिकताको क्रम समेत तोकी सूचना प्रकाशित गरिने छ ।

(१) स्थानीय (गाँउ क्षेत्र) को स्वरोजगार महिला ।

(२) स्थानीय (गाँउ क्षेत्र) स्वरोजगार ।

(३) रुपन्देही ([redacted]) जिल्लाको स्थानीय बासिन्दा ।

(४) ५ नं. प्रदेशको स्थायी बासिन्दा ।

(५) नेपाली नागरिक ।

<u>७. निवेदन दिनु पर्ने</u>: (१) दफा ५ बमोजिम दर्ता गर्न दर्ता अनुमति सिफारिस तथा रुट इजाजत प्रयोजनका लागि सम्बन्धित सवारी धनीले देहाय बमोजिमका विवरण संलग्न गरी दर्ताका लागि निवेदन दिनु पर्नेछ ।

(क) सवारी धनीको नाम थर ठेगाना : नागरिकता नं. र प्राप्त जिल्ला : नागरिकताको प्रतिलिपि :

(ख) सवारी खरिद गरेको मिति र सम्भव भए सम्म खरिद गरेको बिल विजक :

(ग) सवारीको चेसिस नम्बर :

(घ) सवारी चालक आफै भए चालक अनुमति पत्रको प्रतिलिपि : पक्की समथर सडक क्षेत्र

(ङ) नेपाल सरकार / प्रदेश सरकारका निकायविभाग वा कार्यालयमा दर्ता भएको भए सवारी नं. र ब्लु बुकको प्रतिलिपि, दर्ता हुँदा रुट इजाज़त पत्र प्राप्त गरेको भए सो को विवरण र पुष्टि हुने कागजात

(च) उल्लेखित विवरण र कागजात सहित निवेदन पर्न आएमा गाँउ कार्यपालिका कार्यालयले छानविन गरी १५ दिन भित्र दर्ता अनुमति सिफारिस र रुट इजाजत पत्र र सवारी साधन नम्बर दिन सक्नेछ

**८. सवारी चालक अनुमति पत्र :**

गाँउ क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनका चालकले प्रचलित कानून बमोजिम सवारी चालक अनुमति पत्र लिएको हुनु पर्नेछ

## परिच्छेद ३

## रुट तथा संख्या निर्धारण सम्बन्धी

**९. रुट निर्धारण:** (१) यस कार्यविधि बमोजिम दर्ता भई सञ्चालन हुने सवारी साधनहरु सञ्चालन गरिने रुटको निर्धारण दफा १२ बमोजिम गठित समितिले निर्धारण गरे बमोजिम हुनेछ (२) उपदफा (१) बमोजिमको रुट निर्धारण नभएसम्म यस कार्यविधि बमोजिम अनुमति प्राप्तसवारी साधनहरुको रुट देहाय बमोजिम हुनेछ ।

(क) राजमार्ग सडक र गाँउ कार्यपालिकाले सूचना प्रकाशित गरी निषेध गरेको क्षेत्र बाहेकका गाँउ क्षेत्रभित्र कम्तीमा १४ फुट पक्की समथर सडक क्षेत्र ।

ख) गाँउ क्षेत्रमा संचालन अनुमति प्राप्त चालकले रुट इजाजत पत्र साथमा राख्नु पर्नेछ ।

ग) प्रत्येक सवारी धनीले रुट इजाजत पत्र लिएको हुनुपर्नेछ ।

**१०. संख्या निर्धारण:**

(१) गाँउ क्षेत्र भित्र सञ्चालन हुने विद्युतीय रिक्सा र टेम्पुको संख्या निर्धारण गाँउ कार्यपालिकाले गर्नेछ

(२) गाँउ कार्यपालिकाले उपदफा १ बमोजिम संख्या निर्धारण गर्दा यात्रुको चाप र सुविधा ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको अवस्था जस्ता पक्षको विश्लेषण र व्यवस्थापन समितिको सिफारिस समेतका आधारमा संख्या निर्धारण गर्नेछ ।

३) उपदफा २ बमोजिम निर्धारण गरिएको संख्या गाँउ कार्यपालिकाले समय-समयमा पुनरावलोकन गर्न सक्नेछ ।

(४) पेट्रोलियम पदार्थबाट चल्ने अटो रिक्सा वा तिन् पाङ्ग्रे टेम्पु दर्तारुट इजाजत र संख्याको सम्बन्धमा देहाय बमोजिम हुनेछ ।



विद्या प्रसाद यादव
अध्यक्ष

क. पेट्रोलियम पदार्थबाट चल्ने अटो रिक्सा वा तिन पाङ्ग्रे टेम्पु बढीमा ५० वटा सम्म सवारी साधनलाई दर्ता गर्न सकिने छ ।

ख. पेट्रोलियम पदार्थबाट चल्ने साना सवारी अटो रिक्सा वा तिन पांग्रे टेम्पु साधनको पुनरावलोकन कम्तीमा २ वर्ष पछि मात्र गरिने छ ।

ग. टेम्पु जन्य सवारी साधनको रुट निर्धारण दफा १२ बमोजिम गठित ई-रिक्सा तथा अटो रिक्सा संचालन तथा व्यवस्थापन समितिले गर्नेछ ।

घ. यस दफामा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएकोमा अन्य दफाबमोजिम लागु हुनेछ

<u>११. आलोपालो तोक्न सक्ने :</u> (१) यस कार्यविधि बमोजिम निर्धारण गरिएको संख्या बढी भई स्वरोजगार श्रमिकहरुको आम्दानीमा प्रतिकुल असर परेको, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनमा प्रतिकुल प्रभाव परेका जस्ता कारण पाइएमा गाँउ कार्यपालिकाले सरोकारवालाहरु समेतको सुझावका आधारमा सवारी साधनलाई आलोपालो प्रणालीका आधारमा सञ्चालन गर्ने गरी तोक्न सक्नेछ । आलोपालो प्रणाली जोरविजोर वा समय वा वडागत आधारमा निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद ४

## संचालन तथा व्यवस्थापन समिति सम्बन्धी

<u>१२. ई-रिक्सा तथा अटो रिक्सा संचालन तथा व्यवस्थापन समितिः</u>

(१) गाँउ क्षेत्रमा सञ्चालन हुने ई-रिक्सा, टेम्पु जन्य सवारी साधनहरुको संचालन व्यवस्थापन तथा भाडा निर्धारण र नियमन सम्बन्धमा कार्य गर्नका लागि देहाय बमोजिमको समितिगठन गरिनेछ ।

क. उप-प्रमुख - संयोजक

ख. गाँउ प्रमुखले तोकेको एक जना वडाध्यक्ष र एक जना कार्यपालिका सदस्य : सदस्य

ग. जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि १ जना सदस्य

घ. जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रतिनिधि १ जना सदस्य

ङ. प्रमुखले तोकेको ट्रेडयुनियन प्रतिनिधि १ जना सदस्य

च. प्रमुखले तोकेको प्राविधिक १ जना सदस्य

छ. गाँउपालिका स्तरिय उपभोक्ता हित संरक्षण मंचको अध्यक्ष १ जना - सदस्य

ज. आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

झ. राजश्व उपशाखा / शाखा प्रमुख सदस्य

ञ. आर्थिक विकास शाखा प्रमुख -सदस्य सचिव

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

यस दफा बमोजिम गठित समितिमा आवश्यकता अनुसार कर्मचारी तथा अन्य गाँउ पालिकाका पदाधिकारीहरुलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरिनेछ । यस दफा बमोजिम गठित समितिका पदाधिकारी र आमन्त्रीत सदस्यहरुलाई कार्यपालिकाको बैठकमा उपलब्ध हुने सरहको बैठक भत्ता उपलब्ध गराईनेछ ।

२. समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. ई-रिक्सा, अटो रिक्सा र टेम्पु जन्य साना सवारी साधनको दर्ता, रुट निर्धारण, दर्ता तथा रुट खारेजी जस्ता कार्यमा देखिएका समस्या समाधान गर्ने ।

ख. सम्वद्ध स्वरोजगार चालक तथा सवारी धनीहरुसंग समन्वय गर्ने ।

ग. भाडा दर निर्धारण गर्ने र लागु गर्ने गराउने ।

घ. प्रत्येक २ वर्षमा भाडा दरमा पुनरावलोकन गर्ने ।

ङ. सवारी साधन संचालन योग्य छ छैन भन्ने बारेमा समय समयमा प्राविधिक जाँच गराई संचालन योग्य नदेखिएका सवारी साधनको दर्ता र रुट खारेजीको सिफारिस गर्ने ।

च. गाँउ क्षेत्रमा संचालित सवारी साधन, ट्राफिक व्यवस्थापनको अवस्था समेतलाई विचार गरी रिक्शा जन्य साना सवा साधनको संख्या थप घट गर्न गाँउ कार्यपालिकालाई सिफारिस गर्ने ।

छ गाँउमा संचालित सवारी साधनमा कलर कोड तोक्ने ।

३. समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## १४. बिमा गर्नुपर्ने:

(१) सवारी धनीले प्रचलित कानून बमोजिम यात्रु तथा तेश्रो पक्ष बिमा गर्नुपर्नेछ ।

१५. सवारी धनी तथा सवारी चालकले पालन गर्नुपर्ने शर्त यस कार्यविधिमा अन्यत्र उल्लेख भएकोमा उल्लेख भए बमोजिम र उल्लेख नभएको हकमा देहाय बमोजिम शर्त पालन गर्नु पर्नेछ ।

(क) सवारीधनी र सवारी चालकको ठेगाना र फोन नं. सहित पहिचान खुल्ने विवरण सवारी साधनमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(ख) प्रचलित कानून बमोजिम यात्रु तथा तेस्रो पक्ष बिमा गराएको हुनु पर्दछ ।

(ग) निषेधित क्षेत्रमा सवारी सञ्चालन गर्न पाइने छैन ।

(घ) राजमार्ग सडक, कच्चीसडक तथा गाँउ क्षेत्र भित्रको पहाडी भौगोलिक क्षेत्रका सडकमा सवारी सञ्चालन गर्न पाइने छैन ।

(ङ) दर्ता नभएका र नवीकरण नभएका सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

(च) सवारी धनीले सवारी चालकलाई नियुक्ति पत्र वा फोटो सहितको परिचय पत्र उपलब्ध गराउने र सवारी चालकले अनिवार्य परिचय पत्र लगाउनु पर्नेछ ।

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

(छ) मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी संचालन गर्न पाइने छैन ।

(ज) यात्रु संग मर्यादित व्यवहार गर्नु पर्नेछ ।

## परिच्छेद ५

## दण्ड जरिवाना सम्बन्धी

**१६. दण्ड जरिवाना सम्बन्धी व्यवस्था:**

१. यस कार्यविधिको विपरीत दर्ता अनुमति लिनु पर्नेमा दर्ता अनुमति विना सवारी संचालन गरे गराएमा वा रुट अनुमति विना सवारी चलाएमा,सवारी चालक अनुमति/ (लाइसेन्स) प्राप्त नगरी सवारी साधन चलाएको पाइएमा वा तोकिएको भन्दा बढी भाडा लिएको पाइएमा वा निषेधित क्षेत्रमा संचालन गरेका वा दफा १५ बमोजिमको शर्त उल्लंघन गरेमा देहाय बमोजिमको जरिवाना हुनेछ ।

क) पहिलो पटक भएमा रु.५००/जरिवाना दोस्रो पटक सोही कसूर गरेमा रु. ७५०/- तेश्रो पटक सोही कसूर गरेमा रु.१०००/- जरिवाना हुनेछ । तिन पटक भन्दा बढी पटक पटक सोही कसूर गरेमा दर्ता अनुमति र रुट परमिट समयावधि तोकेर निलम्बन गर्ने र त्यसपछि पनि सोही कसुर दोहोराएको खण्डमा रुट परमिट खारेज समेत हुनेछ ख) दण्ड जरिवाना गर्ने अधिकारी यस दफा बमोजिमको दण्ड जरिवाना प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले गर्नेछ ।

## परिच्छेद ६

## विविध

**१७. विविध :**

१. दर्ता अनुमति भई रुट इजाजत प्राप्त रिक्साहरुको आयु यो कार्यविधि बमोजिम रुट इजाजत प्राप्त भएका मितिले ५ वर्ष मात्र हुनेछ । सो मिति पछि उक्त रिक्सा, रिक्सा धनी स्वयंले नष्ट गर्नु पर्नेछ । त्यसरी नष्ट नगरेमा उक्त रिक्साको दर्ता तथा रुट इजाजत खारेज गरिनेछ। तर दफा १२ बमोजिमको समितिले जुनसुकै बेला सम्बन्धित प्राविधिकबाट जाँच गर्दा संचालन योग्य नदेखिएमा ५ वर्ष भन्दा अगावै जुनसुकै बेला पनि स्वतः दर्ता तथा रुट इजाजत खारेज हुनेछ ।

२. उप दफा १ बमोजिम खारेज भएको दर्ता नं. मा सोही रिक्सा धनीलाई कायम गर्न पाइने नपाइने भन्ने वारेको निणर्य व्यवस्थापन समितिले निणर्य गरे बमोजिम हुनेछ ।

३. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दर्ता, नविकरण, रुट परमिट, ठाउँसारी र नामसारीका सम्बन्धमा देखिएका जटिलताका सम्बन्धमा निर्णय दिने अधिकार दफा १२ बमोजिम गठन



विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

हुने समितिलाई हुनेछ र सो समितिले यस कार्यविधिका जटिलताका सम्बन्धमा गरेको निर्णय अनुमोदन कार्यपालिकाबाट गराउनु पर्नेछ ।

४. यो कार्यविधिको व्याख्या गर्ने र आवश्यकता अनुसार संशोधन गर्ने अधिकार गाँउ कार्यपालिकालाई हुनेछ ।

प्रमाणीकरण मितिः २०८०/३/३

आज्ञाले

श्रीप्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत

विद्या प्रसाद यादव

रोहिणी गा.पा. अध्यक्ष